नेपाल सरकार
गृह मन्त्रालय

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको गृह मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

## १. पृष्ठभूमि

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो । वि.सं. २०१७ सालको परिवर्तनपछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो । २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम कर्तव्य र अधिकार कानुनी रुपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुटयाई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन भयो ।

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य कार्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न पहिले ७५ वटा जिल्ला प्रशासन कार्यालय र ती कार्यालयको कामकारवाही रेखदेख र नियन्त्रण गर्न १४ वटा अञ्चलाधीश कार्यालय रहेकोमा २०४६ सालको परिवर्तनपछि अञ्चलाधीश कार्यालय खारेज भए । अञ्चलाधीश कार्यालय खारेजपछि जिल्ला र केन्द्र बीच सन्तुलन कायम गर्न समन्वय, रेखदेख र नियन्त्रण गरी शान्ति सुरक्षा लगायत सेवा प्रवाहलाई नजिकबाट अनुगमन गर्न क्षेत्रीय तहको प्रशासनिक निकाय आवश्यक ठानी गृह मन्त्रालय अन्तर्गत ५ वटा क्षेत्रमा मिति २०५८/५/६ देखि क्षेत्रीय प्रशासन कार्यालय स्थापना भएकोमा संघीय संरचनामा क्षेत्रीय प्रशासन कार्यालयहरु खारेज हुने अवस्थामा रहेका छन् । प्रादेशिक तहमा सुरक्षा समन्वयको कार्य प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट हुने गरेको छ । गृह मन्त्रालय मातहत अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, प्रहरी किताबखाना, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल रहेका छन् भने राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहने गरी कानूनी र व्यवस्थापकीय प्रबन्ध भईरहेको छ । जिल्लामा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, अध्यागमन कार्यालय र कारागारहरु सञ्चालित छन् ।

## २. दूरदृष्टि

सार्वभौम, अखण्ड, शान्त, समुन्नत र सुरक्षित नेपाल

३. परिलक्ष्य

शान्ति र सुरक्षा, विधिको शासन: सुशासन मूल अभियान, सबैको गृह प्रशासन

४. उद्देश्य

४.१ एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति,

४.२ नागरिक सुरक्षाका लागि प्रविधि र पद्धति केन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्टताको प्राप्ति,

४.३ समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट मुक्ति,

४.४ सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, सांस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान,

४.५ विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन,

४.६ कागजको न्यून प्रयोग गर्दै क्रमश कागज विहीन गृह प्रशासन, सुरक्षा व्यवस्थापन र अध्यागमनको विकास तथा प्रभावकारी नियमन,

४.७ विकास र सुरक्षा अन्तरसम्बन्धको परिपालना गराउने,

४.८ सुरक्षा व्यवस्थापनमा जनसहभागिता,

४.९ सक्षम प्रशासन र सुदृढ व्यवस्थापन,

४.१० मानव अधिकारको संरक्षण र सम्वर्द्धन।

५. कार्यक्षेत्र/प्रमुख कार्यहरु

नेपालको संविधानले निर्देशित गरे बमोजिम राज्य संचालनको मार्ग निर्देशकका रूपमा रहेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र संविधानका समग्र व्यवस्थाहरूको अधिनमा रही जनताको जीउ, धन र व्यक्तिगत स्वतन्त्रताको संरक्षण लगायत राज्यले लिएका अन्य आर्थिक सामाजिक उद्देश्य पूरा गर्न मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधारण जनताले आफ्नो हक अधिकारको निर्वाध उपभोग गर्न सक्ने वातावरण तयार गर्नु गृह प्रशासनको मुख्य जिम्मेवारी हो

**गृह प्रशासनका मूलभूत कार्यहरु निम्न बमोजिम रहेका छन्:-**

- राष्ट्रको आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने ।
- प्रहरी प्रशासनको सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने ।
- अपराध नियन्त्रण, रोकथाम र अनुसन्धानको काम गर्ने ।
- आन्तरिक सुरक्षा सुदृढ गरी संभावित विद्रोह वा आन्तरिक सुरक्षामा हुन सक्ने सबै प्रकारका गतिविधि नियन्त्रण गर्ने ।
- हातहतियार, खरखजानाको नियमन तथा नियन्त्रण, विस्फोटक पदार्थको नियन्त्रण गर्ने ।
- अध्यागमन व्यवस्थापन तथा नियन्त्रण गर्ने ।
- नागरिकहरुलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा नागरिकता वितरण गर्ने ।
- शरणार्थीहरुको व्यवस्थापनको काम गर्ने ।
- दैवी प्रकोप नियन्त्रण एवं दैवी प्रकोपबाट पीडित व्यक्ति तथा परिवारलाई राहत बितरणको कार्य गर्ने ।
- गैर सरकारी संस्थाहरुको दर्ता तथा प्रशासन सम्बन्धी काम गर्ने ।
- ट्राफिक व्यवस्थापन गर्ने ।
- बिभिन्न किसिमका भेदभाव वा कुरीतिहरुको माध्यमबाट हुन सक्ने मानव अधिकार हननका कृयाकलापहरुलाई नियन्त्रण गरी नागरिकहरुले निर्वाध मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण सृजना गर्ने ।
- लागू औषधको नियन्त्रण गर्ने ।
- मुलुकको बाह्य तथा आन्तरिक सुरक्षा, शान्ति र व्यवस्थामा असर पार्ने संभावित कृयाकलाप सम्बन्धमा सूचना संकलन गर्ने ।
- मुलुकको सीमा संरक्षण तथा संगठित वा विध्वंशात्मक अपराध नियन्त्रण गर्ने ।

**नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र देहाय अनुरुप रहेको छ:-**

- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- शान्ति, सुव्यवस्था तथा कानुन र व्यवस्था,
- हातहतियार र खरखजानाको इजाजत र नियन्त्रण,
- विस्फोटक पदार्थ नियन्त्रण,
- विदेशी नागरिकको नियमन तथा नियन्त्रण,
- सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधनको व्यवस्थापन,
- गैरसरकारी संघ, संस्था प्रशासन,
- क्षेत्रीय तथा स्थानीय प्रशासन,
- नागरिकता,

- जनमत सङ्ग्रह,
- आप्रवासन तथा प्रवासन,
- तीर्थस्थान र तीर्थयात्री,
- कल्याण धन र बेवारिसी धन,
- चिठ्ठा, जुवा आदिको नियन्त्रण,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- विपद् व्यवस्थापन, सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,
- सार्वजनिक चन्दा सङ्कलनको नियमन र नियन्त्रण
- अध्यागमन,
- सजायको माफी, मिनाहा तथा परिवर्तन
- विभूषण सम्बन्धी कार्य,
- शरणार्थी मामिला,
- अञ्चल र जिल्लाको सदरमुकाम तथा सीमाना,
- राष्ट्रिय परिचयपत्र,
- अन्तराष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा र सीमा प्रशासन,
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत) विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
- सङ्गठित अपराध नियन्त्रण,
- बारुदी सुरुङ्गको निवारण,
- धार्मिक विषय,
- सुपुर्दगी,
- कारागार व्यवस्थापन,
- प्रहरी कल्याण,
- निर्वाचन आयोग,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल,
- राष्ट्रिय अनुसन्धान विभाग,
- प्रहरी किताबखाना,
- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

## ६. संस्थागत आधारभूत मूल्य

- सुशासन,
- छिटो र प्रभावकारी सेवा प्रवाह,
- मुस्कान सहितको विनम्रतापूर्वक सेवा,
- सेवाप्रवाहमा तटस्थता तथा पारदर्शिता,
- मूल्यमा आधारित नैतिकता,
- विधिको शासन ।

## ७. गृह मन्त्रालयबाट प्रवाह गरिने सेवा

माथि बुँदा नं. ५ मा उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्यहरू र मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरू

## ८. सांगठनिक संरचना र दरवन्दी

मन्त्रालयमा माननीय मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, ६ महाशाखा र सो अन्तर्गत १९ वटा शाखा/ १ वटा एकाई रहेका छन् । प्रत्येक महाशाखामा सहसचिव र शाखा/एकाईहरुमा उपसचिव रहने व्यवस्था छ । गृह मन्त्रालयको कुल दरबन्दी संख्या २२६ रहेको छ ।गृह मन्त्रालय र अन्तर्गत निजामती तर्फको कूल दरवन्दी संख्या ४१६० रहेको छ ।

## ९. मन्त्रालयको कर्मचारी सम्बन्धी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सह सचिव | रा.प.प्रथम | प्रशासन | | ५ |
| ३ | सह सचिव | रा.प.प्रथम | न्याय | कानुन | १ |
| ४ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १७ |
| ५ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानुन | १ |
| ६ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | १ |
| ७ | बरिष्ठ. क. इन्जिनियर | रा.प.द्वितीय | विविध | | १ |
| ८ | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | ३९ |
| ९ | कानुन अधिकृत | रा.प.तृतिय | न्याय | कानुन | १ |
| १० | लेखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा | २ |
| ११ | कम्प्यूटर अधिकृत | रा.प.तृतिय | विविध | | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | कम्प्यूटर इन्जिनियर | रा.प.तृतिय | विविध | | २ |
| १३ | ना.सु. | रा.प.अ.नं.प्र. | प्रशासन | सा.प्र. | ३१ |
| १४ | लेखापाल | रा.प.अ.नं.प्र. | प्रशासन | लेखा | ४ |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अ.नं.प्र.(प्रा.) | विविध | | १९ |
| १६ | मेकानिकल ओभरसियर | रा.प.अ.नं.प्र. | इन्जिनियरिङ्ग | मे./ज.मे. | १ |
| १७ | ह.स.चा. | श्रेणी विहिन | | | ४८ |
| १८ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ५० |
| | कूल जम्मा | | | | २२६ |

## १०. मुख्य कानून र नीतिहरु

### १०.१. मुख्य ऐन, नियमहरु

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- दैवी प्रकोप उद्धार ऐन, २०३९
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजाना ऐन, २०१८
- विभूषण ऐन, २०६४
- नेपाल नागरिकता नियमावली, २०६३
- विभूषण नियमावली, २०६४

### १०.२ नीति तथा रणनीतिहरु

- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- विशेष सुरक्षा कार्यक्रम, २०६६
- सानो हतियार नियन्त्रण कार्ययोजना, २०६८
- गृह प्रशासन सुदृढीकरण योजना, २०६८
- राजमार्ग सुरक्षा र अवरोध हटाउने कार्यविधि, २०७५

### १०.३ निर्देशिका, मार्गदर्शन, मापदण्ड, कार्यविधि र आचारसंहिताहरु

- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८

- लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुमा मार्गदर्शन, २०६७
- विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- प्रहरी आचारसंहिता, २०६५
- राष्ट्रिय अनुसन्धान विभागका अधिकृत तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०६६
- विभूषण सिफारिस तथा प्रदान सम्बन्धी कार्यविधि, २०६७
- विदेशीसँगको भेटघाट सम्बन्धी निर्देशिका, २०६८
- CCTV जडान तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७२
- UAV उडान सम्बन्धी कार्यविधि, २०७२
- विपद लेखाजोखा मार्गदर्शन, २०७२
- क्षेत्रिय गोदामघर कार्यविधि, २०७२ ।

## ११. निर्णय गर्ने प्रक्रिया र अधिकारी

क. मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा:

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा:

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

### ११.१. निर्णय गर्ने अधिकारी सम्बन्धमा:

क. मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरू सम्बन्धमा:

- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय गृह मन्त्रीस्तरबाट
- गृह सचिवस्तरबाट
  - माननीय गृह मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
  - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम र
  - अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएकोमा सोहि बमोजिम ।

ख. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा

- सूचना अधिकारी

११.२. निर्णय उपर उजुरी सुन्ने अधिकारी

क० गृह मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमा:-

- प्रचलित ऐन कानुनमा तोकिएको व्यवस्था बमोजिम

ख० सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम परेको उजुरी सम्बन्धमा:-

- गृह सचिव
- पुनरावेदनको लागि राष्ट्रिय सूचना आयोग

## १२. गृह मन्त्रालयबाट आ.व. २०७४/०७५ मा सम्पादन भएका मुख्य मुख्य कामको विवरण

### १२.१ शान्ति सुरक्षा सम्बन्धी

१. **शान्ति सुरक्षा सम्बन्धी ।**

क) नियमित शान्ति सुरक्षा व्यवस्था ।

ख) दैनिक सुरक्षा जाहेरी प्रतिवेदन ।

ग) सुरक्षा सूचना विश्लेषण प्रतिवेदन ।

घ) सुरक्षा निकायहरुसँग नियमित समन्वय, अनुगमन र निर्देशन ।

ङ) सुरक्षा गोष्ठीहरु सञ्चालन तथा व्यवस्थापन ।

२. **हातहतियार सम्बन्धी ।**

क) निर्वाचन सुरक्षाका लागि वैध हातहतियार संकलनको लागि जि.प्र.का.लाई निर्देशन तथा राजपत्रमा सूचना प्रकाशन गरिएको ।

ख) संकलित हातहतियार निर्वाचन पश्चात पुनः फिर्ता गरिएको ।

३. **नीति तथा कानून निर्माण सम्बन्धी ।**

क) राजमार्गमा हुने अवरोध न्यूनीकरण सम्बन्धी कानून तर्जुमा र कार्यान्वयन ।

ख) औद्योगिक सुरक्षा नीति, २०७५ को मस्यौदा तयार ।

ग) आन्तरिक सुरक्षा नीति, २०७५ को मस्यौदा तयार ।

घ) ड्रोन उडान सम्बन्धी कार्यविधिका समसामयिक सुधार गर्न समिति गठन भई कार्य प्रारम्भ भई कार्य प्रारम्भ भईसकेको ।

४. **निर्वाचन सम्बन्धी ।**

क) प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सुरक्षा योजना-तर्जुमा र कार्यान्वयन ।

ख) उम्मेदवार तथा विशिष्ट व्यक्तिको जोखिम विश्लेषण तथा सुरक्षा ।

ग) प्रतिनिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सुरक्षाको विषयमा क्षेत्रीय सुरक्षा गोष्ठी आयोजना गरिएको ।

घ) मतदान स्थलको अनुगमन ।

ङ) स्वच्छ, भयरहित, निस्पक्ष र सुरक्षित रुपमा निर्वाचन सम्पन्न

५. **VVIP/VIP सुरक्षा सम्बन्धी ।**

क) सम्माननीयज्यूहरु (राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश) को भ्रमणमा सुरक्षा व्यवस्था मिलाइएको ।

ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरुको भ्रमणमा सुरक्षा व्यवस्था मिलाइएको ।

ग) नेपाल सरकारका विशिष्ट व्यक्तिको सुरक्षा सम्बन्धी कार्यहरु ।

घ) निर्वाचनमा भाग लिने उम्मेदवारको सुरक्षा व्यवस्था ।

६. **उद्धार तथा राहत सम्बन्धी ।**

क) निर्वाचनका लागि हेलिकप्टर परिचालन।

ख) कालिकोट घटनामा म्यादी प्रहरीको मृत्यु भएकोमा राहत रकम उपलब्ध गराईएको ।

ग) निषेधित क्षेत्रमा उद्दार उडान गर्न निजी हेलिकप्टर कम्पनीलाई अनुमति प्रदान गरिएको ।

घ) वीरगंज, गोरखा, कञ्चनपुर, जुम्ला, मुस्ताङ लगायत देशका विभिन्न भागबाट घाइते तथा विरामीहरुको उपचारार्थ नेपाली सेनाको हेलिकप्टरबाट उद्दार गरिएको ।

७. **छानविन आयोग सम्बन्धी ।**

क) तराई मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनैतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्यतथ्य छानवीन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७३ को म्याद थप गरिएको ।

ख) काभ्रे घटना सम्बन्धी छानविन आयोग गठन तथा म्याद थपको प्रकृया अघि बढाइएको ।

ग) सप्तरी घटना सम्बन्धी छानविन आयोग गठन तथा म्याद थपको प्रकृया अघि बढाइएको ।

घ) मिति २०७४/०९/०७ गते कालिकोट जिल्लामा आन्दोलनका क्रममा प्रहरीको गोली लागि मृत्यु भएका म्यादी प्रहरी विवेक ऐडीको मृत्युको सम्बन्धमा सत्यतथ्य छानविन गरी ७ दिन भित्र सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्न ४ सदस्यीय छानविन समिति गठन गरिएको ।

ङ) सशस्त्र प्रहरी बल मुख्यालय आगलागी घटनाको छानविन ।

८. सूचना समन्वय सम्बन्धी

क) नेपालको लागि विभिन्न मुलुकले खटाउने महामहिम राजदूत, अन्य मुलुकमा नेपालको तर्फबाट खटिने महामहिम राजदूत, अवैतनिक बाणिज्यदूत लगायतको सम्बन्धमा आवश्यक राय परराष्ट्र मन्त्रालयमा पठाइएको ।

- आवासीय राजदूत - १०
- गैर आवासीय राजदूत - २१
- अवैतनिक बाणिज्यदूत - १५

ख) ड्रोन उडानको सहमति - ७०

ग) सूचना माग सम्बन्धी निवेदन कार्य फर्छ्यौट - ७

घ) राष्ट्रिय अनुसन्धान विभाग (रा.अ.वि.) सम्बन्धी

- रा.अ.वि.का अधिकृत कर्मचारीको प्रशासनसँग सम्बन्धित कार्यहरु जस्तै तालिमको लागि मनोनयन, राजिनामा स्वीकृत, विभिन्न पदमा नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, अवकास, सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिएको ।
- नवलपरासी (सुस्ता पूर्व) र रुकुम (पूर्व) जिल्लाका लागि दरबन्दी स्वीकृत भएको ।

## १२.२. अध्यागमन, सिमा प्रशासन र स्थानीय प्रशासन तथा प्रदेश समन्वय सम्बन्धी

१. मन्त्रि स्तरबाट भएका निर्णयहरुः

क) विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५ ।

ख) निषेधित क्षेत्रमा हेलिकोप्टर उडान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृति भएको ।

२. नियमति कार्य संचालनः

क) कार्य सहमति - विभिन्न निकायबाट सिफारिश भई नेपालमा कार्य गर्न आएका २८५२ जना विदेशी नागरिकहरुलाई कार्य सहमति उपलब्ध गराइएको ।

ख) On Arrival Visa - संस्थागत प्रयोजनको लागि नेपालमा विभिन्न कार्यक्रममा भाग लिन आउने Arrival Visa नपाउने गरी निषेध गरिएका १२ मुलुकका ५२५ जना विदेशी नागरिकहरुलाई विभिन्न मन्त्रालयको अनुरोधमा On Arrival Visa जारी गर्न अध्यागमन विभागलाई स्वीकृति दिइएको ।

ग) उडान अनुमति -

- बिरामीको उद्धार, पर्यटकीय प्रयोजन तथा निर्माण सामग्रीहरुको ढुवानी गर्ने प्रयोजनको लागि निषेधित क्षेत्रमा हेलिकोप्टरको उडान अनुमति माग भए अनुसार २५० उडान अनुमति उपलब्ध गराइएको ।

- चीनको मानसरोवर दर्शन गर्न जाने भारतीय तथा विदेशी तीर्थयात्रीहरुलाई हुम्ला जिल्लाको हिल्सा हुँदै मानसरोवर लैजान सिमिकोट-हिल्सा-सिमिकोट बृत्तखण्डमा श्रीएयर प्रा.लि., एयर डाइनेष्टी प्रा.लि., सिम्रिक एयर प्रा.लि., फिस्टेल एयर, माउण्टेन एयर प्रा.लि.लाई उडान गर्न अनुमति प्रदान गरेको ।

घ) केन्द्रीय हज समिति -

- मिति २०७३/१०/२५ गतेको निर्णयबाट २ बर्ष कार्यकाल रहने गरी मोहम्मद शोऐवको अध्यक्षातामा २५ सदस्यीय नेपाल हज समिति गठन गरिएको ।

ङ) पदयात्रा अनुमति - विभिन्न मुलुकका कुल ३५ जना विदेशी नागरिकलाई निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा गर्न अनुमति प्रदान गरेको ।

च) निष्कासन सहमति - विभिन्न देशका ९५ जना विदेशी नागरिकहरुलाई नेपालबाट निष्कासन गर्न अध्यागमन विभागलाई स्वीकृति दिईएको ।

छ) यात्रा अनुमति पत्र - विदेशी बाबु र नेपाली आमाबाट नजन्मिएका २२ जना आफ्नो बाबु भएको देशमा जानको लागि Travel Document जारी गर्न परराष्ट्र मन्त्रालयलाई सिफारिस गरिएको

३. Third Ministerial Level Bilateral Talk on Border Law Enforcement सम्बन्धमा गत १५-१७ जुलाई, २०१८ मा चिनियाँ प्रतिनिधमण्डलका Vice Minister Mr. Shi Jun को नेतृत्वको टोलीसँग काठमाडौंमा बैठकको आयोजना गरी सम्पन्न गरिएको ।

४. धर्मपुत्र राखे बाबुआमाको नामबाट नाबालक परिचयपत्र जारी गर्न मिल्ने देखिंदा ऐनको व्यवस्था अनुसार नै हुने गरी गर्नु भनी मिति २०७५/०३/२५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मोरङ्लाई लेखी पठाइएको ।

५. लेवनान सरकारले Mr. Rabie Narsh लाई नेपालका लागि गैरआवासीय राजदूत पदमा नियुक्त गर्ने सम्वन्धमा यस मन्त्रालयको सकारात्मक राय रहेको भनी मिति २०७५/०३/२५ को (माननीय मन्त्रीस्तर) निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

६. १६ जुलाई, २०१८ मा भएको नेपाल-भारत सीमा समन्वय बैठकमा भएका छलफल र Minutes समेत राखी प्रतिवेदन दिने गरी बैठक बस्नका लागि मिति २०७५/०३/२५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, बाँकेलाई अनुमति दिइएको ।

७. आगामी मिति २०७५ भदौ १४ र १५ गते तदनुसार ३०-३१ अगष्ट, २०१८ मा काठमाडौंमा आयोजना हुने बिमष्टेकको चौथो शिखर सम्मेलनका लागि आवश्यक स्रोत साधन सम्बन्धमा आवश्यक बजेट व्यवस्थाको लागि परराष्ट्र मन्त्रालयमार्फत अर्थ

मन्त्रालयमा माग गर्ने भनी मिति २०७५/०३/१५ मा निर्णय भए अनुसार लेखी पठाइएको ।

८. सार्क सम्बन्धी विषय हेर्नका लागि यस मन्त्रालयका सहसचिव श्री रामकृष्ण सुवेदीलाई मिति २०७५/०१/२० को (मन्त्रीस्तरीय) निर्णयानुसार Focal Person को रुपमा कार्य गर्न तोकिएको ।

९. १३-१८ मे, २०१८ मा काठमाडौंमा सञ्चालन भएको Civil-Military Defense Planning Workshop मा सहभागिताका लागि गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयबाट २/२ जना सहभागीहरु मनोनयन गरी पठाउन परराष्ट्र मन्त्रालयबाट लेखी आए अनुसार यस मन्त्रालयको मिति २०७५/०१/१९ को (सचिवस्तरीय) निर्णयानुसार सहभागी मनोनयन गरी पठाउन उक्त कार्यालयहरुमा लेखी पठाइएको ।

१०. मिति २०७४ फागुन २८ गते (तदनुसार सन् २०१८ मार्च १२) देखि ४ दिनसम्म अमेरिकाको न्यूयोर्कमा सञ्चालन भएको Annual Session of the Commission on the Status of Women मा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी सहभागी हुन निर्वाचन आयोग, नेपालका माननीय निर्वाचन आयुक्त श्री इला शर्माको नेतृत्वमा माननीय निर्वाचन आयुक्त श्री इश्वरीप्रसाद पौड्याल र सचिव श्री वेगेन्द्रराज शर्मा पौड्याललाई उक्त कार्यक्रममा भाग लिन जान स्वीकृतिका लागि मन्त्रिपरिषदमा मिति २०७४/११/२१ मा प्रस्ताव पेश गरिएको ।

११. Eleventh SAARC Conference on Co-operation in Police matters preceded by th Sixth Meeting of Focal Point of STOMD and SDOMD सम्बन्धी सम्मेलन मिति २०७४/१२/२७ र २८ गतेका दिन काठमाडौंमा सम्पन्न गरिएको ।

१२. अष्ट्रियाको साल्सबर्गमा मृत्यु भएका पर्वतारोही प्रो. Norman G. Dyhenfurth को अस्तुलाई निजको इच्छा अनुसार नेपालको Tengpoche मा बुद्धिष्ट परम्परा अनुसार Bury गर्न संलग्न पत्र (प्रहरी प्रधान कार्यालयको मिति २०७४/१२/२५ को पत्र) मा उल्लिखित शर्तको पालना गर्ने गरी यस मन्त्रालयको सकारात्मक राय रहेको व्यहोरा मिति २०७४/१२/२० को (सचिवस्तरीय) निर्णयानुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।

१३. सुदूर पश्चिमेली नेपाली समाज नामक संस्थाको विधानमा अन्तर्राष्ट्रिय प्रकृतिको हुने विषयहरु नराखेर मात्र दर्ता गर्न मिति ०७४/१२/२० को (सचिवस्तरीय) निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, कैलालीलाई निर्देशन दिइएको ।

१४. BIMSTEC Convention on Mutual Legal Assistance in Criminal Matters मा हस्ताक्षर तथा अनुमोदन सम्बन्धी कारवाही अगाडि बढाउन यस मन्त्रालयको सकारात्मक राय रहेको व्यहोरा मिति २०७५/०१/२० को (मन्त्रिस्तरीय) निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

१५. नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका प्रमुख एवं अन्य विभागीय प्रमुखहरुसँग "The Future of Law Enforcement Devlopment Assistance" विषयमा मिति अप्रिल १३-१८, २०१८ का दिन काठमाडौंस्थित अमेरिकी राजदूतावासका पदाधिकारीहरुसँग बैठक गर्न मिति २०७५/०१/०४ को (सचिवस्तरीय) निर्णयानुसार अनुमति दिइएको ।

१६. माल्टा सरकारले नयाँ दिल्लीमा आवासीय हुने गरी Mr. Stephen Borg लाई नेपालका लागि गैरआवासीय राजदूत पदमा नियुक्त गर्ने सम्बन्धमा यस मन्त्रालयको सकारात्मक राय रहेको व्यहोरा मिति २०७५/०१/१३ को (सचिवस्तरीय) निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

१७. संस्था दर्ता ऐन, २०३४ र नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासनहरुमा दर्ता नविकरण हुँदै आएका यातायात क्षेत्रसँग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण जिल्ला प्रशासन कार्यालयहरुबाट नगर्ने नगराउने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५/०१/०४ मा निर्णय भएको र सोही अनुसार गर्न गराउनु हुन भनी सबै जिल्ला प्रशासन कार्यालयहरुमा लेखी पठाइएको ।

१८. मिति २०७५/०१/१३ को सचिवस्तरीय निर्णयानुसार झापा तथा मोरङ्ग जिल्लास्थित शरणार्थी शिविरहरुमा रहेका भुटानी शरणार्थीहरुलाई खाद्यान्न सहयोग उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालय र विश्व खाद्य कार्यक्रमकाबीच मिति ३ मे, २०१८ मा सम्झौता सम्पन्न गरिएको ।

१९. United Nations Office for Project Services (UNOPS) लाई २१ डिसेम्बर, २०२१ सम्म उक्त कार्यालय अस्थायी रुपमा सञ्चालन गर्न सहमति रहेको व्यहोरा मिति २०७४/०६/१८ (सचिवस्तर) को निर्णयानुसार च.नं. १०७, मिति २०७४/०६/२० को पत्रबाट परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

२०. माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवलाई मिति २०७४ असोज ८ देखि १० गतेसम्म अफगानिस्तानको राजधानी कावुलमा सम्पन्न भएको Forum of Election Management Bodies of South Asia-FEMBOSA को आठौं बैठकमा सहभागी हुन जानको लागि स्वीकृत प्रदान गर्न मिति २०७४/०४/२३ मा मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

२१. माननीय प्रमुख निर्वाचन आयुक्त तथा माननीय आयुक्तहरुको लागि जनशक्ति उपलब्ध गराउने सम्बन्धमा मिति २०७४/०६/०१ मा मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

२२. यस मन्त्रालयबाट उपसचिव श्री झंकनाथ ढकाललाई मिति २०७४/०५/२९ को निर्णयानुसार (सचिवस्तरीय) निर्वाचन आयोग हेर्ने फोकल प्वाईण्ट तोकिएको ।

२३. Nepal National Police Academy र जनवादी गणतन्त्र चीनको People's Public Security University बीच आपसी भेटघाट तथा सहयोग प्रबर्द्धन गर्ने हेतुले University का Deputy Commandant Mr.Huang Zuyue को नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डललाई प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपश्चात नेपाल भ्रमण गर्न मिति

२०७४/०६/२० को (माननीय मन्त्रिस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

२४. नेपाल र जनवादी गणतन्त्र चीनको Law Enforcement Cooperation सुदृढ गर्न तथा गृह मन्त्रालय र नेपाल प्रहरीका बरिष्ठ अधिकृतहरुसँग भेटघाट तथा सहयोग प्रवर्द्धन गर्नका लागि Qinghai प्रान्तीय सरकारको Public Security Department का Deputy Chief Mr. LIU Min को नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डललाई नेपाल भ्रमण आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपश्चात हुन मिति २०७४/०६/२० को (माननीय मन्त्रिस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

२५. छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत अन्तर्गत न्यालम काउन्टीका सुरक्षा अधिकारीहरुको निमन्त्रणामा सीमावर्ती खासा बजारमा हुने द्विपक्षीय सीमा सुरक्षा बैठकमा भाग लिन मिति२०७४/०६/२५ को (सचिवस्तरीय) निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकलाई स्वीकृति प्रदान गरिएको ।

२६. गैरकानूनी आप्रवासीहरुको नेपालमा बढ्दो उपस्थितिलाई मध्यनजर गरी मिति २०७४/०६/२२ गते देहाय बमोजिम निर्णय भई अविलम्ब कार्यान्वयनका लागि अध्यागमन विभाग र सबै सुरक्षा निकायमा लेखी पठाइएको ।

क) गैरकानूनी आप्रवासीहरुको नेपाल प्रदेशमा पूर्णतया रोक लगाउन सम्भावित सीमा / नाकाहरुमा कडाईका साथ सुरक्षा व्यवस्था गर्न अध्यागमन विभाग र सम्बन्धित सबै सुरक्षा व्यवस्था गर्न अध्यागमन विभाग र सम्बन्धित सबै सुरक्षा निकायहरुलाई निर्देशन दिने ।

ख) नेपाल रहेका हुनसक्ने अवैध आप्रवासीहरुको गोप्य सूचनाद्वारा आधिकारिक विवरण प्राप्त गरी उनीहरुको गतिविधिहरुको सुक्ष्म निगरानी गर्न सुरक्षा निकायहरुलाई निर्देशन दिने ।

२७. सन् १० अक्टोबर, २०१७ मा काठमाडौंस्थित सार्क सचिवालयमा आयोजना भएको Meeting of the Core Group of SAARC Immigration and Visa Experts मा अध्यागमन विभागका निर्देशक श्री शम्भुप्रसाद मरासिनीलाई मिति २०७४/०६/२२ को (सचिवस्तरीय) निर्णयानुसार मनोनयन गरिएको ।

२८. गृह प्रशासन सुधार मार्गचित्र, २०७४ को बुँदा नं. ७२ "कैदीबन्दी स्वास्थ्य उपचारका लागि ५०० कैदीसम्मका ६३ कारागारलाई उपस्वास्थ्य चौकी सरह र ५०० भन्दा बढी क्षमताका ११ कारागारलाई स्वास्थ्य चौकी सरह औषधी स्वास्थ्य मन्त्रालयबाटै उपलब्ध गराउने व्यवस्था गरिनेछ" भन्ने व्यवस्थालाई कार्यान्वियन गर्ने प्रयोजनार्थ कारागारहरुमा तहाँबाटै औषधी उपलब्ध गराई दिन मिति २०७४/०५/०६ को (नि. सचिवस्तरीय) निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा अनुरोध गरिएको ।

२९. संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका संस्थाको नाममा रहेको अचल सम्पत्ति नेपाल सरकार (मन्त्रिपरिषद) को पूर्व स्वीकृति

बिना बेचबिखन गर्न नपाईने व्यवस्था हुन मिति २०७४/०५/१५ को (नि.सचिवस्तरीय) निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३०. सार्वजनिक यातायात क्षेत्रको सिन्डिकेट हटाउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीहरुले कार्ययोजनाहरू सहित तपसिलका कामहरु गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुन भनि मिति २०७४/०५/२८ को (सचिवस्तरीय) निर्णयानुसार सबै जिल्ला प्रशासन कार्यालयहरुलाई च.नं. ७०, मिति २०७४/०५/२७ को पत्रबाट लेखी पठाइएको ।

क) जिल्लाका कुनैपनि रुटमा सिन्डिकेट हुने गरी सवारी साधन चलाउने अन्य प्रतिस्पर्धीका सवारी साधनहरुमा रोक लगाउने, बाटो छेक्ने, आलोपालो गर्ने जस्ता कार्यहरु बन्द गराउने ।

ख) मिलेमतोमा आफूखुशी मूल्य गरेको पाइएमा यसो गर्ने उपर नियमानुसार कारवाही गर्ने ।

ग) सिन्डिकेट गर्ने गरी कानून विपरित बन्द गर्ने, चक्काजाम गर्ने व्यवसायीलाई प्रचलित कानून बमोजम कारवाही गर्ने ।

घ) जिल्ला भित्रका सडकको अवस्था, मर्मत सम्भार, सवारी साधनको नियमितता, मूल्यदर, आरक्षित तथा सहुलियत सिटको प्रयोग आदिको नियमित अनुगमन गरी मासिक प्रतिवेदन पठाउने ।

३१. प्रमुख जिल्ला अधिकारी, रसुवालाई सीमा समन्वय बैठकमा भाग लिन मिति २०७४/०५/२९ को (सचिवस्तरीय) निर्णयानुसार अनुमति दिइएको ।

३२. Treaty on the Prohibition of Nuclear Weapons मा हस्ताक्षर गर्ने सम्बन्धमा यस मन्त्रालयको सकारात्मक राय रहेको व्यहोरा मिति २०७४/०५/२६ को (माननीय राज्यमन्त्रीस्तरीय) निर्णयानुसार परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

३३. संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ अनुसार नयाँ संस्था दर्ता र नवीकरण गर्ने क्रममा वर्तमान संवैधानिक व्यवस्थाका सन्दर्भमा देहाय बमोजिमका बुँदाहरुको कार्यान्वयन गर्न गराउनु हुन भनि मिति २०७४/०५/०७ को निर्णयानुसार सबै जिल्ला प्रशान कार्यालयहरुमा लेखी पठाइएको ।

क) संस्था दर्ता गर्ने सम्बन्धमा

- संस्थाको केन्द्रीय कार्यालय रहने सम्बन्धित स्थानीय तहको सिफारिशपत्र लिई दर्ता गर्ने ।

ख) संस्था नवीकरण गर्ने सम्बन्धमा

- संस्थाले आफ्नो कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको सिफारिशका आधारमा गर्ने ।

- संस्थाले जिल्लाभित्रका १ भन्दा बढी स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवस्था रहेमा सबैभन्दा धेरै कार्यक्रम सञ्चालन हुने स्थानीय तहको सिफारिशका आधारमा गर्ने ।
- कुनै संस्थाको कुनै बर्ष केही पनि कार्यक्रमहरु सञ्चालन नै नभएको अवस्थामा केन्द्रीय कार्यालय रहेको स्थानीय तहको सिफारिशका आधारमा नवीकरण गर्ने ।

ग) साथै स्थानीय तहको निर्वाचन नभएका क्षेत्र, जिल्लाहरुमा पूर्ववत आधारमा गर्ने ।

३४. मित्रराष्ट्र भारतको उत्तर प्रदेशस्थित महाराजगञ्ज जिल्लाको नौतुनवामा मिति २०७४/०८/०२ गतेका दिन सीमा बैठकमा भाग लिन जिल्ला प्रशासन कार्यालय, रुपन्देहीलाई स्वीकृति दिइएको ।

३५. चीनको स्वशासित क्षेत्र तिब्बतको तुङ्गी जिल्लाका अधिकारीहरुसँग सीमावर्ती अधिकारीहरुको बैठकमा भाग लिन प्रमुख जिल्ला अधिकारीसहितको टोलीलाई अनुमति दिइएको ।

३६. यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरु संस्था दर्ता ऐन अनुसार दर्ता गर्ने र नवीकरण गर्ने कार्य स्थगित गर्न समिति गृह मन्त्रालयलाई निर्देशित गर्दछ भनी व्यवस्थापिका संसद, विकास समितिले दिएको निर्देशन पालनाको लागि सबै जिल्लाहरुमा परिपत्र गरिएको ।

## १२.३. विपद व्यवस्थापन र लागू औषध नियन्त्रण सम्बन्धी

१. रामेछापको लिखु गा.पा.६ मा २०७४/०४/०१ को पहिरोमा परी घाइते भएका ९ जना र मिति २०७४/०९/०५ मा सुपर ग्या उद्योगमा आगलागी भै घाइते २ जनालाई वीर अस्पतालमा ट्रमा सेन्टरमा औषधोपचारको लागि पठाइएको ।

२. २०७४ साउनमा आएको भिषण बाढीबाट प्रभावित जिल्लाहरुमा क्षेत्रीय भण्डारण गृहबाट प्रतिकार्य अन्तर्गत त्रिपाल, किचन सामग्री, म्याट्रेस लगायतका सामग्रीहरु वितरण गरिएको ।

३. २०७४ को बाढीबाट क्षति विश्लेषणका लागि प्रारम्भिक द्रुत लेखाजोखाको कार्य सम्पन्न गरिएको ।

४. प्रादेशिक गोदाम घर निर्माणका लागि जिल्ला प्रशासन कार्यालय धनुषा र दाङलाई मिति २०७४/०५/२५ को सचिवस्तरीय निर्णय बमोजिम आवश्यक जग्गा पहिचानको लागि लेखि पठाइएको ।

५. Disaster Information Management System (DIMS) Setting गर्नका लागि विपद् व्यवस्थापन महाशाखा प्रमुख, गृह मन्त्रालयको संयोजकत्वमा १७ सदस्यीय समिति गठन गिरएको (प्रधानमन्त्री स्तरीय मिति २०७४/०८/०४ को निर्णय बमोजिम) ।

६. मिति २०७५/०१/२० मा मुगु जिल्ला मुगु कार्मारोम गा.पा. -४ मा आगलागीबाट प्रभावितहरुका लागि मानवीय सहायता केन्द्र त्रि.अ.वि. बाट त्रिपाल, Sleeping Bag, Towel, कम्बल ज्याकेट र चामल वितरण गरिएको ।

७. नेपालगञ्ज, भैरहवा, धनगढी, विराटनगर, पोखरा र बीरगञ्जमा Fordward Logistic Bases स्थापना गर्न WFP र गृह मन्त्रालयबीच सहमति भएको ।

८. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्तिक ५ गते पारित भएको ।

९. विपद व्यवस्थापन सम्बन्धि कार्यकारी समिति (साविकको केन्द्रीय दैवी प्रकोप उद्दार) को बैठक क्रमश: मिति २०७४/०४/०६, २०७४/०४/१५, २०७४/०५/२७ र २०७४/१२/१२ मा बैठक बसी आवश्यक निर्णय भएको ।

१०. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको बैठक २०७५/०३/०४ गते सम्पन्न भएको र उक्त बैठकको निर्णयहरु आवश्यक कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पत्राचार गरिएको ।

११. भूकम्प सुरक्षा दिवस २०७४ माघ २ गते विभिन्न कार्यक्रमका साथ सम्पन्न गरिएको ।

१२. Nepal Disaster Report, 2017 प्रकाशित गरिएको ।

१३. Sendai Framework on DRR अन्तर्गत विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा रणनीति कार्ययोजना विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको मित २०७५/०३/०४ को बैठकले पारित गरेको ।

१४. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावलीको मस्यौदा तयार भई छलफलको क्रममा रहेको ।

१५. विभिन्न जिल्लाका आगलागी, बाढी, पहिरो र डुबान पीडितहरु लगायत अन्य विपद प्रभावितहरुका लागि राहत वितरणका कार्यहरु भएको ।

१६. राष्ट्रिय विपद व्यवस्थापन कोषबाट विभिन्न जिल्लाको जिल्ला विपद व्यवस्थापन कोषमा रु.१,७३,८२,५४,२४७/- (अक्षरुपी एक अर्व त्रिहत्तर करोड बयासी लाख चवन्न हजार दुई सय सढ्चालिस) रकम निकाशा गरिएको ।

१७. २०४७ साल श्रावण महिनाको अन्तिम हप्तामा मुलुकको विभिन्न जिल्लाहरुमा भिषण बर्षा भै बाढी, पहिरो र डुबानबाट पीडितहरुलाई खाद्यान्न खरिद गर्नका लागि प्रतिव्यक्ति प्रति दिन रु.७० का दरले ३० दिनका लागि एक मुष्ट नगद राहत उपलब्ध गराउने निर्णय नेपाल सरकार म.प.को मिति २०७४/०४/३१ को बैठकबाट निर्णय भएबमोजिम जिल्ला विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउन रकम निकाशा गरिएको ।

१८. National Platform of Disaster Risk Reduction को बैठक मिति २०७५/०२/२३ गतेका दिन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा सक्रीय विभिन्न सरकारी, दतृ निकाय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सरोकारवाला निकायहरुको उपस्थितिमा सम्पन्न गरिएको ।

१९. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी प्रदेशस्तरीय कार्यशाला गोष्ठी मिति २०७५/०२/१८ मा प्रदेश नं. ७ को कैलालीमा, मिति २०७५/०२/२० मा प्रदेश

नं. ६ को सुर्खेतमा, प्रदेश नं. ४ को पोखरामा र प्रदेश नं. ५ को बुटवलमा सम्पन्न भएको ।

२०. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनका क्षेत्रमा सक्रिय विभिन्न सरकारी, दातृ निकाय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सरोकारवाला निकायहरुसँग विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक छलफल एवम् कार्यक्रमहरु सञ्चालन गरिएको ।

२१. यस मन्त्रालय अन्तर्गत लागू औषध नियन्त्रणका लागि १४१ इकाईमा चेतनामूलक र शिपमूलक कार्यक्रम सम्पन्न गरी १३,८८१ जना लाभान्वित ।

२२. यस मन्त्रालय र युथ भिजनको संयुक्त रुपमा विभिन्न जिल्लामा सञ्चालित उपचार तथा पुर्स्थापना केन्द्रमा मानव अधिकारको अवस्था सम्बन्धी सर्वेक्षण अनुगमन कार्य ४६ वटा पुर्स्थापना केन्द्रमा सम्पन्न भएको ।

२३. विभिन्न जिल्लामा हालसम्म लागू औषध प्रयोगकर्ताहरुको लागि सञ्चालित मौखिक प्रतिस्थापन उपचार पद्धति केन्द्र अनुगमन कार्य १३ वटामा सम्पन्न गरिएको ।

२४. नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट स्वीकृत दुरुपयोग नियन्त्रण सम्बन्धी कार्ययोजना २०७५ स्वीकृत भई कार्यान्वयन शुरु भएको ।

२५. "Fifth BIMSTEC, SUB Group on Prevention of Iillict Trafficing in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals" को बैठक सम्पन्न भएको ।

२६. लागू औषध "नियन्त्रण" ऐन, २०७५ को मस्यौदा तयार ।

२७. "मदिरा एवं मदिराजन्य पदार्थको अवैध उत्पादन, बिक्री वितरण र उपभोग समेतको नियन्त्रण" सम्बन्धी कार्यविधिको मस्यौदा तयार ।

२८. लागूऔषध प्रयोगकर्ताहरुको लागि संचालित उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८ को संशोधन मस्यौदा तयार ।

२९. लागूऔषध दुरुपयोग विरुद्धको अन्तरराष्ट्रिय दिवस २६ जुन, २०१८ सम्पन्न ।

३०. लागूऔषध सम्बन्धी सचेतनामूलक विषयवस्तु समेटिएको बार्षिक जर्नल सुरक्षित जीवनको पन्धौं अंक प्रकाशन ।

३१. लागूऔषध दुरुपयोग विरुद्ध सचेतनामूलक विषयवस्तु समेटिएको डकुड्रामा (सत्मार्ग) निर्माण तथा प्रसारण ।

## १२.४. नीति योजना तथा मानव अधिकार संरक्षण सम्बन्धी

१. आ.व. २०७४/०७५ को बजेट तथा कार्यक्रम तयार गरी अन्तर्गतका निकायहरु, जिल्ला प्रशासन कार्यालयहरु, ईलाका प्रशासन कार्यालयहरुलाई कार्यक्रम तथा अख्तियारी र बजेट कार्यान्वयन मार्गदर्शन पठाइएको ।

२. आ.व. २०७४/०७५ को मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यक्रमहरुको चौमासिक तथा बार्षिक प्रगति समीक्षा कार्यक्रम / मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको ।

३. राष्ट्रिय सभा तथा प्रतिनिधि सभामा उठेका गृह मन्त्रालय सम्बन्धी पत्रहरुको टिपोट तथा जवाफ तयार गर्ने सम्बन्धी कार्य गरिएको ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रगति विवरण पठाइएको ।

५. आर्थिक सर्वेक्षणको लागि मन्त्रालयगत प्रगति अर्थ मन्त्रालयमा पठाइएको ।

६. आ.व. ०७५/७६ को बार्षिक विकास कार्यक्रम र MTEF प्रतिवेदन तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको ।

७. मन्त्रिपरिषद बैठकका निर्णयहरु कार्यान्वयन गरी सो को प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको ।

८. हेल्लो सरकारबाट गुनासो सुनुवाई सम्बन्धी कार्यहरु सम्पन्न गरी सो को नियमित प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको ।

९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगमार्फत प्राप्त उजुरीहरु सम्बन्धी कार्य गरिएको, प्रगति विवरण नियमित रुपमा आयोगमा पेश गर्ने गरिएको ।

१०. अन्य मन्त्रालयबाट राय माग गरिएका विषयमा मन्त्रालयको राय पठाइएको ।

११. संविधानको धारा ५३ बमोजिमको मन्त्रालयको बार्षिक प्रतिवेदन तयार गरी पठाइएको ।

१२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१(३) बमोजिमको प्रतिवेदन तयार गरी पठाइएको ।

१३. आ.व. ०७५/७६ को लागि गृह मन्त्रालय तथा अन्तर्गतका निकायहरुको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन कार्ययोजना, कार्ययोजना कार्यान्वयनको निर्देशिका, अनुगमन योजना, बजेटमा नपरेका तर मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना र अन्य सिर्जनशिल कार्यहरुको कार्ययोजना तयार गरिएको ।

१४. गृह प्रशासन सुधार कार्ययोजना, २०७४ (८२ बुँदे) तर्जुमा गरिएको र उक्त कार्ययोजनाको कार्यान्वयनको प्रगति अनुगमन तथा समिक्षा गरिएको र प्रगति विवरण तयार गरिएको ।

१५. "जनताको अभिलाषाः सुनिश्चित यात्रा" अभियान कार्ययोजना अन्तर्गत रही यातायात तथा ट्राफिक व्यवस्थापन समन्वय समितिको कार्य गरिएको ।

१६. मन्त्रालय अन्तर्गतका निकायहरुबाट सङ्कलन हुने गैरकर राजस्वका दरहरुमा परिमार्जन सम्बन्धी कार्य गरिएको ।

१७. अन्तर्गतका निकाय / कार्यालयहरुबाट हुने सेवाप्रवाहको अनुगमन तथा मूल्याङ्कनका लागि सूचकहरुको चेकलिष्ट तयार गरिएको ।

१८. प्रमुख जिल्ला अधिकारीहरुसँगको कार्यसम्पादन करारको लागि कार्यसम्पादन सूचकहरुको मस्यौदा तयार भई छलफलमा रहेको ।

१९. मानव अधिकार प्रवर्द्धन कार्यशाला /गोष्ठीहरुः-

क) काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा मिति २०७४/०८/०४ र ५ गते Convention Against Turture and other Cruel, inhuman or Degrading Treatment

of Punishment (CAT) को तेस्रो, चौथो, पाँचौं आवधिक प्रतिवेदन उपर छलफल सम्पन्न भएको ।

ख) ललितपुरमा मिति २०७४/१०/०४ गते Convention Against Turture and other Cruel, inhuman or Degrading Treatment of Punishment (CAT) को तेस्रो, चौथो, पाँचौं आवधिक प्रतिवेदन उपर छलफल सम्पन्न भएको ।

ग) काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा मिति २०७४/१२/१६ र १७ गते Convention Against Turture and other Cruel, inhuman or Degrading Treatment of Punishment (CAT) को तेस्रो, चौथो, पाँचौं आवधिक प्रतिवेदनको अन्तिम तयारी उपर छलफल सम्पन्न भएको ।

घ) सोलुखुम्बुमा मिति २०७५/०१/२२ गते मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यशाला / गोष्ठी सम्पन्न भएको ।

ङ) धनुषामा मिति २०७५/०२/१८ गते मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यशाला / गोष्ठी सम्पन्न भएको ।

च) पाल्पामा मिति २०७५/०३/२५ गते मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यशाला / गोष्ठी सम्पन्न भएको ।

छ) गोरखामा मिति २०७५/०३/२७ गते मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यशाला / गोष्ठी सम्पन्न भएको ।

२०. Convention Against Turture and other Cruel, inhuman or Degrading Treatment of Punishment (CAT) को तेस्रो, चौथो, पाँचौं, छैठौं, सातौं आवधिक प्रतिवेदन तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा पठाइएको ।

## १२.५. कानुन तथा फैसला कार्यान्वयन सम्बन्धी

गृह मन्त्रालयसँग सम्बन्धित कानून तर्जुमाको अवस्था:

| सि.नं. | कानून | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | व्यवस्थापिका संसदबाट पारित भै सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भैसकेको । | |
| २ | सार्वजनिक सुरक्षा सम्बन्धी ऐन, २०४६ लाई संशोधन गर्ने विधेयक (धारा २३ निवारक नजरबन्द सम्बन्धी) | संघीय संसदबाट पारित भैसकेको । | |
| ३ | राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धी वधेयक, २०७५ | सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भैसकेको । | |
| ४ | यातना सम्बन्धी कानून (धारा २२) | मन्त्रिपरिषदबाट फिर्ता आएको । | |

| | | | |
|---|---|---|---|
| ५ | पूर्व पदाधिकारीहरुको सुविधा सम्बन्धी कानून | संघीय संसदसमक्ष पेश गर्न मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको । | |
| ६ | सामाजिक व्यवहार सुधार सम्बन्धी कानून | संघीय संसदसमक्ष पेश गर्न मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको । | |
| ७ | नागरिकता सम्बन्धी कानून | संघीय संसद समक्ष पेश भैसकेको । | |
| ८ | नेपाल प्रहरी सम्बन्धी विधेयक (धारा २६८) | कानून, न्याय तथा संसदीय मामिल मन्त्रालयमा तर्जुमा सहमतिको लागि पठाइएको । | |
| ९ | नेपाल प्रहरी र प्रदेश प्रहरीको सञ्चालन, सुपरीवेक्षण तथा समन्वय सम्बन्धी विधेयक | नेपाल सरकार मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति भई विधेयकको मस्यौदा तर्जुमाको काममा रहेको | |
| १० | आन्तरिक शान्ति र सुव्यवस्था सम्बन्धी विधेयक (स्थानीय प्रशासन ऐन खारेज गर्ने) | कानून मन्त्रालयमा तर्जुमा सहमतिको लागि सक्कलै फाइल पठाइएको । | |
| ११ | राष्ट्रिय परिचयपत्र सम्बन्धी कानून (धारा १५) | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिको लागि पठाउनु अघि अर्थ मन्त्रालयको राय तथा सहमतिको लागि लेखी पठाइएको । | |
| १२ | कारागार सम्बन्धी कानून | महान्यायाधिवक्ताको कार्यालयको रायको लागि लेखी पठाइएको । | राय प्राप्त हुन बाँकी । |
| १३ | गोपनीयता सम्बन्धी कानून (धारा २८) | संघीय संसद समक्ष पेश गर्न मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको । | |
| १४ | संस्था दर्ता सम्बन्धी कानून | समिति गठन भई कार्य भैरहेको । | |
| १५ | लागू औषध सम्बन्धी ऐन | नेपाल सरकार मन्त्रिपरिषदमा सैद्धान्तिक स्वीकृतिको लागि प्रस्ताव पेश भैसकेको । | प्रारम्भिक मस्यौदा तयार रहेको । |
| १६ | अध्यागमन ऐन | नेपाल सरकार मन्त्रिपरिषदमा सैद्धान्तिक स्वीकृतिको लागि प्रस्ताव पेश भैसकेको तथा प्रारम्भिक मस्यौदा तयार भएको छलफल गर्न बाँकी रहेको । | |
| १७ | सशस्त्र प्रहरी सम्बन्धी कानून | नेपाल सरकार मन्त्रिपरिषद समक्ष प्रस्ताव पेशभई स्वीकृत समेत भैसकेको हुँदा मस्यौदा तर्जुमा गर्नु पर्ने । | |
| १८ | कैद माफी, मुल्तवी सम्बन्धी | प्रारम्भिक मस्यौदा तयार भएको । | |

| | | | |
|---|---|---|---|
| | कानून | | |
| १९ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली | कानून, न्याय तथा संसदीय मन्त्रालयमा सहमतिको लागि सक्कलै फाईल पठाइएको । | |

## १२.६. विविध

१. निजामति कर्मचारी प्रशासन सम्बन्धीः

क) पुँजिगत तर्फ

- कर्मचारी विवरण सूचना प्रणाली (PIS Software) रु. ३,३६,०६२।- मा निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।

ख) प्रशासनिक क्रियाकलापहरु

- कर्मचारी सरुवालाई बस्तुगत र न्यायसङ्गत बनाउन "गृह मन्त्रालय सरुवा तथा पदस्थापन मापदण्ड २०७५" तयार भई स्वीकृतीको चरणमा रहेको वैज्ञानिक बस्तुगत तवरबाट सरुवा गर्ने कार्य प्रारम्भ भएको ।
- वैदेशिक मनोनयन सम्बन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त कार्यविधि अनुसार कर्मचारीहरुको छनौट गरी प्राथमिकताका आधारमा मनोनयन गरी प्रतिवेदन लिने व्यवस्था गरिएको ।
- संघीय संरचना अनुरुप मन्त्रालयको नयाँ O & M पारित भई सोही अनुसार शाखा/महाशाखा गठन भएको र व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको ।
- संघीय संरचना अनुरुप जिल्ला प्रशासन कार्यालय ७७ र इलाका प्रशासन कार्यालय ७३ को नयाँ O & M पारित भई सोही अनुसार आवश्यक काम कारवाही गर्न गराउन लेखी पठाइएको ।
- तालिम कार्यक्रमलाई मागमा आधारित बनाई वरिष्ठताका आधारमा छनौट गरी अवसर प्रदान गर्ने गरेको ।
- सबै जिल्ला प्रशासन कार्यालयहरुमा विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याइएको ।
- PIS सफ्टवेयरको विकास गरी प्रयोग गर्न सुरु भई कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक गर्ने कार्य (मन्त्रालय तथा अन्तर्गतका सबै विभाग/कार्यालयहरुमा) प्रारम्भ भएको ।
- वैदेशिक भ्रमणमा गएका कर्मचारीहरुको विवरण Web Site मार्फत सार्वजनिक गर्ने कार्य भएको ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको हेलो सरकारमा प्राप्त ८०० उजुरीहरुको फच्र्योटको लागि कारवाही भएको ।

३. माननीय गृह मन्त्रीज्यूको निजी सचिवालयमा प्राप्त ३० उजुरीका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीका लागि लेखी पठाएको ।

४. राष्ट्रियय सतर्कता केन्द्रबाट प्राप्त २१ उजुरीका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीका लागि लेखी पठाएको ।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्णय कार्यान्वयन, आवश्यक कारवाही र राय प्रतिवेदन पठाउन प्रेषित पत्रहरुको कारवाहीका लागि सम्बन्धित निकायमा प्रेषित गरिने गरेको ।

६. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४/४/१९ को निर्णयानुसार नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षकहरु श्री बमबहादुर भण्डारी, श्री जयबहादुर चन्द, श्री देवेन्द्र सुवेदी, श्री पशुपति उपाध्याय, श्री केशरीराज घिमिरे, श्री माधवप्रसाद जोशी, श्री बिजयलाल कायस्थ, श्री कमलसिंह बम, श्री मिङमार लामा, श्री रणबहादुर चन्द र श्री बिजयकुमार भट्टराई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरिएको ।

७. गृह मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्राविधिक प्रहरी उपरीक्षक नरोत्तमलाल प्रधानलाई प्राविधिक प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गरिएको ।

८. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार प्राविधिक प्रहरी निरीक्षकहरु विजया अधिकारी र विनोद चापागाईलाई प्राविधिक प्रहरी नायव उपरीक्षक पदमा बढुवा गरिएको ।

९. गृह मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार नेपाल प्रहरीका शैलेश थापा क्षेत्री सहित अन्य २५ जना प्रहरी उपरीक्षकहरुलाई प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गरिएको ।

१०. गृह मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार नेपाल प्रहरीका सर्वेन्द्र खनाल सहित १५ जना बरिष्ठ उपरीक्षकहरुलाई प्रहरी नायव महानिरीक्षक पदमा बढुवा गरिएको ।

११. गृह मन्त्रालय (सचिवस्तर) को २०७४/०४/१९ को निर्णयानुसार नेपाल प्रहरीका ९४ जना प्रहरी निरीक्षकहरुलाई प्रहरी नायव उपरीक्षक पदमा बढुवा गरिएको ।

१२. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७४/०४/१९ को निर्णयानुसार नेपाल प्रहरीका ७ जना प्राविधिक प्रहरी नायव निरीक्षकहरुलाई प्राविधिक प्रहरी निरीक्षक पदमा बढुवा गरिएको ।

१३. गृह मन्त्रालय (मा.मन्त्रिस्तर) को मिति २०७४/०५/२६ को निर्णयानुसार प्रहरी बरिष्ठ उपरीक्षक राजेन्द्रमान श्रेष्ठलाई प्रहरी नायव महानिरीक्षकको विशेषा पदमा बढुवा गरिएको ।

१४. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४/०८/०६ को निर्णयानुसार नेपाल प्रहरीका प्रहरी नायब निरीक्षकहरु श्री हेमन्तबहादुर पाल, श्री मधुप्रसाद पुडासैनी, श्री माधवप्रसाद नेपाल र श्री पंकज श्रेष्ठलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरिएको ।

१५. नेपाल सरकार, मन्त्रिपरपदको मिति २०७४/०९/२८ को निर्णयानुसार सशस्त्र प्रहरी बलमा ५ जना सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी थप गरिएको सशस्त्र प्रहरी बल गुल्म डडेल्धुराको लागि १६० जना र नेपाल ए.पि.एफ. अस्पतालका लागि १२६ जनाको दरबन्दी थप गरिएको ।

१६. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४/१०/१५ को निर्णयानुसार सशस्त्र नायब महानिरीक्षकहरु जानकीराज भट्टराइ, सुबोधकुमार अधिकारी, निराकारबिक्रम शाह, खडानन्द चौधरी र राजेश श्रेष्ठलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरिएको ।

१७. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५/०१/१९ को निर्णयानुसार नेपाल प्रहरीका ७३ जना प्रहरी नायब निरीक्षकहरुलाई प्रहरी निरीक्षक पदमा बढुवा गरिएको ।

१८. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५/०१/२७ को निर्णयानुसार सशस्त्र प्रहरी बलका २३ जना सशस्त्र प्रहरी नायब उपरीक्षकहरुलाई सशस्त्र प्रहरी उपरीक्षक पदमा बढुवा गरिएको ।

१९. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५/०२/११ को निर्णयानुसार सशस्त्र प्रहरी बलका २९ जना सशस्त्र प्रहरी निरीक्षकहरुलाई सशस्त्र प्रहरी नायब उपरीक्षक पदमा बढुवा गरिएको ।

२०. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७५/०२/२७ को निर्णयानुसार नेपाल प्रहरीमा ३१०१ जनाको नयाँ दरबन्दी थप गरिएको । हाल कायम १५ जना प्रहरी अतिरिक्त महानिरीक्षकको पदसंख्या १२ पद खारेज गरी ३ पद कायम गरिएको र

प्रहरी नायव महानिरीक्षकहरुको दरबन्दी संख्या ४१ बाट ७ पद खारेज गरी ३४ पद कायम गरिएको ।

२१. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७५/०२/२७ को निर्णयानुसार सशस्त्र प्रहरी बलको सांगठनिक पुनरसंरचना गरी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको दरबन्दी एक पद जुनसुकै कारणले रिक्त रहन गएमा स्वतः खारेज हुने गरी हाल ३ पदको दरबन्दी कायम गरिएको र सशस्त्र प्रहरी नायव महानिरीक्षकको पदसंख्या १८ बाट २ खारेज गरी १६ कायम गरिएको ।

२२. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५/०२/२९ को निर्णयानुसार सशस्त्र प्रहरी बलका ६३ जना सशस्त्र प्रहरी नायव निरीक्षकहरुलाई सशस्त्र प्रहरी निरीक्षक पदमा बढुवा गरिएको ।

२३. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५/०२/३१ को निर्णयानुसार सशस्त्र प्रहरी बलका २० जना प्राविधिक सशस्त्र प्रहरी निरीक्षकहरुलाई प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक पदमा बढुवा गरिएको ।

२४. गृह मन्त्रालय (सचिवस्तर) को मिति २०७५/०२/३१ को निर्णयानुसार सशस्त्र प्रहरी बलका ५ जना प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षकहरुलाई प्राविधिक सशस्त्र प्रहरी उपरीक्षक पदमा बढुवा गरिएको ।

२५. गृह मन्त्रालय (मा.मन्त्रिस्तर) को मिति २०७५/०३/१४ को निर्णयानुसार नेपाल प्रहरीका ४ जना प्रहरी उपरीक्षकहरुलाई प्रहरी बरिष्ठ उपरीक्षक पदमा बढुवा गरिएको ।

२६. नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट प्राप्त देशभर घटेका प्रमुख घटनाहरुको दैनिक जाहेरीको विवरण तयार गर्ने, अभिलेख राख्ने र आवश्यकता अनुसार जाहेर गर्ने गरिएको ।

२७. पत्र-पत्रिका तथा वेबसाइटहरुमा प्रकाशित महत्वपूर्ण एवं गृह मन्त्रालयसँग सम्बन्धित समाचारहरुको प्रतिवेदन पेश गर्ने र सोको व्यवस्थित अभिलेख राख्ने गरिएको ।

२८. अपराधिक घटनाहरुको पाक्षिक/मासिक विवरण तयार पारी प्रतिवेदन पेश गर्ने र सोको व्यवस्थित अभिलेख राख्ने गरिएको ।

२९. आवश्यकतानुसार केन्द्रिय सुरक्षा समितिको बैठकको लागी ३ वटै सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग) सुरक्षा निकायमा समन्वय गरी सुरक्षा गतिविधि सम्बन्धी प्रतिवेदन तयार गरी प्रतिवेदन पेश गर्ने र सोको व्यवस्थित अभिलेख राख्ने गरिएको ।

३०. बरामद गरिएका हात-हतियार तथा पक्राउ, बम निस्क्रीय/बिष्फोटन, अपहरण, आगलागी, चन्दा माग लगायतका अपराधिक गतिविधिको व्यवस्थित अभिलेख राखे र आवश्यकतानुसार प्रतिवेदन पेश गर्ने ।

३१. सुरक्षा निकायहरुबाट प्राप्त पाक्षिक, मासिक अपराध सम्बन्धी तथ्यांकहरुको आवश्यक प्रशोधन र विश्लेषण गरी सुरक्षित अभिलेख राखे गरिनुका साथै उक्त अभलेख समय समयमा अध्यावधिक गर्ने गरिएको ।

३२. आ.व.०७४ /७५ को लागि मसलन्द सामान, टोनर कार्टिज, छपाई कार्य तथा पिउने पानी आपूर्ति आदीको लागि बोलपत्र/दरभाउपत्रको माध्यमबाट आपूर्ति व्यवस्थापन गरिएको ।

३३. जात्रा/पर्व समारोह व्यवस्थापनको कार्यसम्पन्न गरिएको ।

३४. यस मन्त्रालयमा रहेका पुराना १७ थान सवारी साधन (कार, जीप) लिलाम प्रकृयामा लगिएको ।

३५. विभिन्न ७ वटै प्रदेश प्रमुख, मुख्य मन्त्री तथा प्रदेश स्तरीय अन्य मन्त्रालयमा सवारी साधन व्यवस्थापन गरिएको ।

३६. विभिन्न ८ वटा कार्यालय/संस्थाहरुलाई लिजमा जग्गा उपलब्ध गराइएको ।

३७. मेशिनरी उपकरणहरु (SAN Storage and FC Switch) बोलपत्रको माध्यमबाट खरिद गरिएको ।

३८. मेशिनरी उपकरणहरु (KVM Switch, Hard Disk, Scanner with DF Multimedia Projector, Laptop etc.) खरिदको लागि आव्हान गरिएको दरभाउपत्रहरु अस्वीकृत भई उक्त खरिद प्रकृया रद्द गरिएको ।

३९. साविकको शान्ति तथा पुन:निर्माण मन्त्रालयमा रहेका जिन्सी माल सामानहरु यस मन्त्रालयमा हस्तान्तरण गरी ल्याउने कार्य अन्तिम चरणमा रहेको ।

४०. विभिन्न सफ्टवेयर (Server management, Data Migration, e-Attendance Upgradation, PIS, Inventory Control Management System) परामर्शसेवाबाट निर्माण गरिएको ।

४१. सम्माननीयज्यूहरुको भ्रमण व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गरिएको ।

४२. भारतीय प्रधानमन्त्रीज्यूको भ्रमण कार्यक्रम सम्पन्न गरिएको ।

४३. सम्विधान दिवसको कार्यक्रम सम्पन्न गरिएको ।

४४. विभिन्न जिल्ला प्रशासन कार्यालयहरुको माग बमोजिम नागरिकता प्रमाणपत्रको कार्ड तथा सुरक्षा चिन्ह उपलब्ध हुँदै आएको ।

४५. मन्त्रालयका सचिवालय र विभिन्न महाशाखाहरुको Interior Decoration कार्य सम्पन्न गरिएको ।

४६. जिन्सी निरीक्षण गराई प्राप्त प्रतिवेदन अनुसार लिलाम प्रकृया अगी बढाइएकोमा लिलाम सकार गर्ने व्यक्तिले लिलाम भएका सामान उठाइ नलगेको हुँदा कारवाहीको प्रकृयामा रहेको ।

४७. चमेनागृह मर्मत सुधारको लागि आव्हान गरिएको ठेक्का रद्द गरिएको ।

४८. माननीय मन्त्रीज्यूको निजी सचिवालयसँगै रहेको भवनमा सेड निर्माणको लागि विद्युतीय संचार माध्यमबाट ठेक्का आव्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मूल्यांकनको चरणमा रहेको ।

४९. नागरिकता सम्बन्धी उजुरी निवेदन कारवाही गरिएको संख्या - १०९

५०. अभिलेख भिडान गरी पठाइएको संख्या - ६८

५१. नागरिकता परित्याग सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गरिएको संख्या - २२६

५२. नागरिकता परित्याग सम्बन्धी कारवाही जानकारी कन्सुलर सेवा विभागलाई गरिएको संख्या - १३७

५३. पुनः नागरिकता सम्बन्धमा - ३

५४. नागरिकता वितरणः-

क) विभिन्न जिल्लाहरुबाट प्राप्त विवरण अनुसार नागरिकता वितरण भएको संख्याः-

| | |
|---|---|
| • वंशज - | २,९३,१२३ |
| • वैवाहिक अंगिकृत - | ५,४०३ |
| • जन्मका आधारमा - | - |
| • प्र.जि.अ.बाट जारी अंगिकृत - | - |
| • मन्त्रालयबाट जारी अंगिकृत - | २ |
| | जम्माः- २,९८,५२८ |

ख) यस मन्त्रालयको नागरिकता शाखामा रहेका आमा नेपाली नागरिक तथा बाबु विदेशी नागरिकका छोरा छोरीको अंगिकृत नेपाली नागरिकता प्राप्तिको लागि विभिन्न जिल्ला प्रशासन कार्यालयबाट प्राप्त ११५ वटा फाइलहरु नपुग प्रमाण तथा कागजातहरु संलग्न गरी पुनः पठाउने गरी फाइल फिर्ता पठाइएको ।

५५. सूचना प्रविधि सम्बन्धी कार्यहरुः-

नेपाल सरकार
गृह मन्त्रालय

क) Oracle License खरिद सम्बन्धमा NITC बाट 8 core को Oracle 12C License प्राप्त भएको ।

ख) SAN Storage खरिद गरिएको ।

ग) MoHA Internet System and support upgrade गरिएको ।

घ) E-attendance software costomization, implementation in new 10 AAO and support 85 location software update गरिएको ।

ङ) SMS Based System upgradation and support software update गरिएको ।

च) MoHA Maio, Web, DNS upgradation and support software update गरिएको ।

छ) 1Mbps Lease line to NTC/YEAR ७५ जिल्ला र ९ ईलाका प्रशासन कार्यालयहरुमा जोड्ने कार्य सम्पन्न गरी NTC लाई भुक्तानी दिइएको ।

ज) Antivirus Commercial Lisence 300 users खरिद गरिएको ।

झ) SMS Charge का सम्बन्धमा NTC लाई भुक्तानी दिइएको ।

ञ) 100MBPS Internet to MOHA and all office ७५ जिल्ला र ९ ईलाका प्रशासन कार्यालयहरुमा जोड्ने कार्य सम्पन्न गरी NTC लाई भुक्तानी दिइएको ।

ट) Optical fiber connectivity to 24 DAO and 25 AAO थप २४ जिल्ला प्रशासन र २५ इलाका प्रशासन कार्यालयमा जोड्ने कार्यको लागि NTC लाई भुक्तानी दिइएको ।

ठ) जिल्ला प्रशासन कार्यालय र ईलाका प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि प्रदेश नं. ४ को कास्की पोखरा, प्रदेश नं. ७ को धनगढी कैलाली, प्रदेश नं. २ को जनकपुरमा सूचना प्रविधि अभिमुखिकरण तालिम सम्पन्न भएको ।

ड) मन्त्रालयको सर्भरमा Read Only Access सम्बन्धमा VIN मार्फत मन्त्रालयको सर्भरमा जोडिएका मातहतका विभागहरु, सबै जिल्ला प्रशासन, ईलाका प्रशासन कार्यालयहरु र एकीकृत सेवा केन्द्रहरुमा Read Only पहुँच दिने निर्णय भएको ।

च) सबै जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालयहरुबाट CIMS software प्रणाली नागरिकता वितरण गर्ने सम्बन्धमा ७७ मध्ये ७६ वटैं जिल्ला प्रशासन (रुकुम पूर्व वाहेक) कार्यालयहरुमा र ४८ वटा ईलाका प्रशासन कार्यालयमा पूर्ण रुपमा संचालनमा आएको ।

५६. राहत तथा तथ्यांक व्यवस्थापन सम्बन्धी भएका कार्यहरु:-

| क.स. | विषय | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक सहायता | २१५३ जनालाई | रु.३२,१३,४१,०००।- | म.प.को निर्णयानुसार |
| २ | उपचार खर्च र आर्थिक सहायत | ४ जनालाई | रु.३५,००,०००।- | म.प.को चैत्र १२ को निर्णयानुसार |
| ३ | उपचार खर्च | ४ जनालाई | रु.५,९१,६०६।- | म.प.को चैत्र १२ को निर्णयानुसार |
| ४ | आर्थिक सहायता | ४ जनालाई | रु.७५,१४,९००।- | म.प.को आषाढ २४ को निर्णयानुसार |
| ५ | मृतक क्षतिपूर्ति | ४ जनालाई | रु.५०,००,०००।- | यस आर्थिक बर्षमा |
| | जम्मा | | रु.३३,७९,४७,५०६।- | साविक सहजिकरण शाखाको काम |
| ६ | ऐतिहासिक जन आन्दोलनका शहिद परिवारलाई मासिक निर्वाह भत्ता | २६ जनालाई | रु.२१,८४,०००।- | साविक राहत तथा पुनर्स्थापना इकाइको स्वीकृत कार्यक्रम अनुसार सोही कार्यालय बाट जि.प्र.का. हरुमा अख्तियारी पठाइएको रकम |
| ७ | ऐतिहासिक जन आन्दोलनका घाईतेलाई मासिक जीवन निर्वाह बृत्ति | ३० जनालाई | रु.२६,१६,०००।- | |
| ८ | ऐतिहासिक जन आन्दोलनका घाईतेका सन्ततिलाई छात्रबृत्ति | ३८ जनालाई | रु.५,९७,०००।- | |
| ९ | द्वन्द्वको क्रममा आमाबाबु गुमाएका (टुहुरा) बालबालिकालाई आर्थिक सहायता- पुनःस्थापना कार्यक्रम (बार्षिक ६०,०००।- का दरले) | ६२० जनालाई | रु.२,२८,००,०००।- | |
| १० | ५१% माथिका | ७४४ | रु.६,२४,७६,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | अङ्गभङ्गहरुलाई जीवन निर्वाह भत्ता | जनालाई | | |
| ११ | मृतक, बेपत्ता, बिस्थापित, अपहरण समेतलाई राहत तथा आर्थिक सहायता | ५६८२५ जनालाई | रु.१,७२,१२,०३,०००।- | अर्थ मन्त्रालयबाट द्वन्द्व पीडित (मृतक, बेपत्ता, विस्थापित, अपहरण) लाई राहत बापत थप प्राप्त भएको रकम गृह मन्त्रालयबाट जि.प्र.का.हरुमा अख्तियारी पठाइएको रकम |
| | जम्मा | | रु.१,८१,१८,७६,०००।- | साविक शान्ति तथा पुनर्निर्माण मन्त्रालय को काम |

नोटः जिल्लाबाट आ.व.२०७४/७५ मा राहत वितरण गरिएको नाम नामेसी सहित विवरण प्राप्त भई तथ्याङ्क अद्यावधिक गर्ने कार्य भइरहेको हुँदा कूल राहत वितरण भएको रकम एकिन हुन बाँकी रहेको ।

५७. मन्त्रालयको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण - (२०७४ श्रावण १ देखि २०७५ असार मसान्त सम्म)

| क्र.सं. | विषय | रकम |
|---|---|---|
| १ | जम्मा स्वीकृत बजेट | रु.५६,३४,८२,४७२।- |
| | चालू | रु.४५,३५,७८,०००।- |
| | पूंजिगत | रु.१०,९९,०४,४७२।- |
| | वित्तीय | - |
| २ | जम्मा निकासा | रु.५०,७३,२५,३४२।३२ |
| | चालू | रु.४२,४९,६२,९७५।३२ |
| | पूंजिगत | रु.८,२३,६२,३६७।०० |
| ३ | जम्मा खर्च | रु.५०,७३,२५,३४२।३२ |
| | चालू | रु.४२,४९,६२,९७५।३२ |
| | पूंजिगत | रु.८,२३,६२,३६७।०० |
| ४ | धरौटी | |
| | गत आर्थिक बर्षको जिम्मेवारी | रु.४७,१९,८१९।५७ |
| | यस आर्थिक बर्षमा प्राप्त | रु.१५,६९,९७०।- |

| | | |
|---|---|---|
| | जम्मा आम्दानी | रु.६२,८९,७८९।५७ |
| | यस आर्थिक बर्षमा फिर्ता | रु.२,२१,८४५।- |
| | यस आर्थिक बर्षमा सदर स्याहा | - |
| | जम्मा खर्च | रु.२,२१,८४५।- |
| | आगामी बर्षको लागि जिम्मेवारी सोको मौज्दात | रु.६०,६७,९४४।५७ |
| ५ | राजश्व लगत बाँकी | |
| | असूली | रु.७,५४,७६४।- |
| | हसवली | रु.२,६७,७७०।- |
| | (क.१.छ बेरुजू) | रु.४,८६,९९४।- |
| | कूल असूली | रु.७,५४,७६४।- |
| | सञ्चित कोष दाखिला | रु.७,५४,७६४।- |
| ६ | अन्य अर्थ बजेट | रु.३२,८४,८४,०२५।०० |
| | ६०२०१५३ | रु.३१,८०,२७,०७०।०० |
| | ६०२०१४३ | रु.७,७०,७१५।८० |
| | ६०१०१८३ | रु.९६,८६,२४०।०० |
| | ६०१०१८३ | - |
| ७ | लेखा परिक्षण बेरुजू | |
| | गत विगत आर्थिक वर्षसम्मको बाँकी बेरुजू | रु.४,३०,५७,२६,०००।- |
| | यस आर्थिक वर्षमा थप बेरुजू | रु.२,२८,२४,०१,०००।- |
| | यस आर्थिक बर्षसम्मको कूल बेरुजू | रु.६,५८,८१,२७,०००।- |
| | यस आर्थिक वर्षमा फर्छ्यौट भएको बेरुजू | रु.२,७१,३३,३२,०००।- |
| | चालू आर्थिक वर्षसम्मको बाँकी बेरुजू | रु.३,८७,४७,९५,०००।- |

प्रमुखको नाम: प्रेम कुमार राई

पद: सचिव

सूचना अधिकारीको नाम: एकदेव अधिकारी

पद: उप सचिव